आज मिति २०८२ साल माघ ७ गते बुधबारका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न बमोजिमको प्रस्ताव उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती-

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई

२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई

३. वडा नम्बर १ का वडा अध्यक्ष श्री हेमन राई

४. वडा नम्बर २ का वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई

५. वडा नम्बर ३ का वडा अध्यक्ष श्री गोविन्द तामाङ

६. वडा नम्बर ४ का वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल

७. वडा नम्बर ५ का वडा अध्यक्ष श्री जिवन खत्री

८. कार्यपालिका सदस्य श्री मन कुमारी राई

९. कार्यपालिका सदस्य श्री सुजना वि.क.

१०. कार्यपालिका सदस्य श्री भगवती वि.क.

११. कार्यपालिका सदस्य श्री सर्मिला कट्टेल

१२. कार्यपालिका सदस्य श्री दिपक सुनार

१३. कार्यपालिका सदस्य श्री नर बहादुर दर्जी

१४. सदस्य-सचिव नि.प्रमुख प्रशासकीय अधिकृत श्री दुर्ग बहादुर राई

<u>आमन्त्रित तथा सहयोगी</u>

१. सूचना अधिकारी श्री डिल्लीमान राई

२. आर्थिक प्रशासन प्रमुख श्री उत्तम आचार्य

३. कृषि शाखा प्रमुख श्री हेमन्त रावत

४. कार्यालय सहयोगी श्री नईन्द्र भुजेल

प्रस्तावहरु-

१. साकेला गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्बन्धमा

२. विविध सम्बन्धमा

निर्णयहरु-

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा साकेला गाउँपालिकाको कृषि तथा पशुपन्छी तर्फको कार्यक्रम कार्यान्वयन प्रकृयालाई व्यवस्थित बनाउन, बजेट खर्च प्रक्रियामा एकरुपता ल्याउन, कार्यक्रम सुव्यवस्थित, पारदर्शी, प्रकृयागत स्पष्टता एवम् कृषकमैत्री बनाउन, दोहोरो अनुदान निरुत्साहित गरी साकेला गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन तथा कार्यान्वयन गर्नका लागि कृषि विकास तथा पशुपन्छी सेवा ऐन, २०८१ को दफा ४५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि कृषि तथा पशु विकास शाखाद्वारा तयार गरिएको **साकेला गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२** स्वीकृत गर्ने र कार्यक्रम सञ्चालन गर्ने क्रममा आईपर्ने कानूनी आधारहरु आवश्यकता अनुसार संशोधन गर्दै लैजाने निर्णय गरियो ।

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा थप निर्णय गर्नुपर्ने अन्य विषय नभएकाले अध्यक्ष ज्यूबाट आजको वैठक यहीं समापन गर्ने निर्णय गरियो ।